सम्पर्क नं. :- ०८६-४२०१८७
Email I'D :- ialdo.pyuthan@gmail.com
Website :- ialdopyuthan.lumbini.gov.np

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय

## प्यूठान

## प्रस्ताव आव्हान सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८२/०८/१३**

एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय, प्यूठानको चालू आ.व. २०८२/०८३ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार "कृषि, पशुपन्छी तथा सहकारी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२" को अधिनमा रहि तपशिलका कार्यक्रमहरु संचालन गर्न इच्छुक कृषक/फार्म/कम्पनी/समूह/कृषि सहकारी संस्थाले आवश्यक कागजात सहित सूचना प्रकाशित भएको मितिले ७ दिन (मिति २०८२/०८/१९ गते) भित्र कार्यालय समयमा तोकिएको ढाँचामा कार्यक्रम प्रस्ताव सहित देहाय बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी यस कार्यालयमा प्रस्ताव दर्ता गर्नुहुन यो सूचना सम्बन्धित सवैको जानकारीका लागि प्रकाशन गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

| क्र. सं. | कार्यक्रमहरुको नाम | संचालन गर्न सकिने क्रियाकलापहरु | अनुदानका सिमा र मापदण्ड | खर्च सिमा | कार्यक्रम सचालन हुने स्थान |
|---|---|---|---|---|---|
| १ | बहुवर्षे घाँस/डाले घाँस विकास कार्यक्रम | • उपयुक्त जमिनको तयारी तथा नर्सरी व्यवस्थापन<br>• माउ बोटको व्यवस्थापन<br>• आवश्यक यन्त्र उपकरण तथा सामग्री खरिद | ➢ फार्म/कम्पनी/समूह/कृषि सहकारी मार्फत कार्यक्रम सञ्चालन गर्ने<br>➢ लाभग्राहीले कम्तिमा १ कट्ठामा नर्सरी सञ्चालन गरीरहेको हुनुपर्ने<br>➢ बजारीकरणको लागि उपयुक्त स्थान हुनुपर्ने | ✓ प्रति आयोजना अधिकतम ५० प्रतिशत वा अधिकतम रु. एक लाख अनुदान दिन सकिने। | जिल्लाभर |
| २ | वर्षे आलु प्रवर्द्धन कार्यक्रम | • फार्म / कम्पनी / समूह /कृषि सहकारीले बालीको उत्पादन तथा प्राथमिक प्रशोधनसंग सम्बन्धीत क्रियाकलापहरु<br>• बीउ विजन, वाली संरक्षण, सुक्ष्मतत्व, जैविक विषादि आदि। | ➢ फर्मको हकमा ३ रोपनी क्षेत्रफलमा आलु खेति गरिनुपर्ने<br>➢ समूह/सहकारीको हकमा उल्लेखित क्षेत्रफलको ५ गुणा बढि हुनुपर्ने | <u>बजेटको परिधी भित्र रहि :</u><br>✓ यन्त्रउपकरण/अन्य सामग्रीको हकमा ५० प्रतिशत<br>✓ बीउ विजन तथा टनेल निर्माणमा ५० प्रतिशत<br>✓ प्रति कट्टा बढिमा रु. ३०००/- सम्म अनुदान सहयोग | जिल्लाभर |
| ३ | रैथाने वाली तथा स्थानीय जातका बालीवस्तु प्रवर्द्धन कार्यक्रम | • खाद्यान्न, दलहन, तेलहन, फलफूल, आलु, तरकारीजन्य रैथाने तथा स्थानीय जातका वालीको उत्पादन, संकलनका आवश्यक क्रियाकलाप, प्रशोधन तथा बजारीकरणका सामग्री तथा उपकरण (सिंचाई, मोटर, पम्पसेट, मिनि टिलर र पावर टिलर बाहेक)। | ➢ उत्पादन, संकलन, प्रसोधन, बजारीकरण, लगाएतका मूल्य श्रृंखला विकासमा संलग्न भएका कृषक/फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी हुनुपर्ने,<br>➢ उपयुक्तताका आधारमा कार्यालयले अनुदानग्राही छनौट गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने। | ✓ प्रति अनुदानग्राही रु पचास हजार नबढ्ने गरी कूल लागतको अधिकतम ५० प्रतिशत अनुदान सहयोग। | जिल्लाभर |

कार्यालय प्रमुख

सम्पर्क नं. :- ०८६-४२०१८७
Email I'D :- ialdo.pyuthan@gmail.com
Website :- ialdopyuthan.lumbini.gov.np

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय
प्यूठान

**प्रस्तावना पेश गर्दा चाहिने आवश्यक कागजात**

१. प्रस्तावकको सक्कल निवेदन।
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि।
३. स्थायी लेखा नम्बर प्रमाण पत्र तथा गत आर्थिक बर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि।
४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर, प्रमाण पत्रको प्रतिलिपि (छनौट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने)
५. कार्यक्रम सञ्चालनको लागी व्यवसायिक कार्ययोजना सहितको प्रस्ताव
६. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र।
७. प्रस्ताव स्वीकृत गरी अनुसार माग गर्न गरिएको निर्णयको प्रतिलिपि।
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि
९. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा
१०. धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा १० बर्ष वा तोकिएको अवधिको करार पत्र।

पुनश्चः आवश्यक कागजात, कार्यक्रम सञ्चालन कार्यविधि तथा कार्यक्रमको बारेमा थप जानकारी लिनु परेमा यस कार्यालयको वेबसाईट, सम्बन्धित पालिकाको कृषि विकास शाखा तथा पशु सेवा शाखा तथा यस कार्यालयको टेलिफोन नं. ०८६-४२०१८७ तथा सूचना अधिकारीको मोवाईल नम्वर ९८५७८६८०१२ मा सम्पर्क गर्न सकिने छ। कार्यक्रम सञ्चालन कार्यविधिमा कुनै किसिमको संशोधन भएमा वा तालुक निकायबाट कुनै किसिमको निर्देशन प्राप्त भएमा सोही बमोजिम कार्यक्रम सञ्चालन हुनेछ।

विनोद शर्मा
कार्यालय प्रमुख